# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४२) काठमाडौं, असार १५ गते २०४९ साल (संख्या १२

## भाग ३

### श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको सूचना

श्री ५ को सरकारले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ को नियम १४ ले दिएको अधिकार प्रयोग गरी सम्बन्धित चलचित्र घरहरूले नेपाल राजपत्रमा यो सूचना प्रकाशित भएको मितिदेखि लागू गर्न पाउने गरी निम्न बमोजिम प्रवेश शुल्क दर कायम गरेको छ ।

**श्रेणी र टिकट दर (प्रवेश शुल्कको) फेहरिस्त**

**उपत्यका "क" स्तर साधारण शो**

| सि.नं. | श्रेणी | प्रवेश शुल्क |
|---|---|---|
| १. | ड्रेससर्कल | ६।– |
| २. | बल्कोनी | ७।२५ |
| ३. | स्पेशल | ६।५० |
| ४. | प्रथम श्रेणी | ५।– |
| ५. | द्वितीय " | ३।२५ |
| ६. | तृतीय " | १।– |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## उपत्यका "क" स्तर विद्यार्थी सहुलियत शो

| | | |
|---|---|---|
| १. | ड्रेससर्कल | ४।६७ |
| २. | बल्कोनी | ३।६० |
| ३. | स्पेशल | ३।५३ |
| ४. | प्रथम श्रेणी | २।४६ |
| ५. | द्वितीय " | १।८४ |
| ६. | तृतीय " | –।६[illegible] |

## उपत्यका "ख" स्तर साधारण शो

| | | |
|---|---|---|
| १. | ड्रेससर्कल | ७।– |
| २. | बल्कोनी | ६।२५ |
| ३. | स्पेशल | ५।५० |
| ४. | प्रथम श्रेणी | ४।– |
| ५. | द्वितीय " | २।७५ |
| ६. | तृतीय " | १।– |

## उपत्यका "ख" स्तर विद्यार्थी सहुलियत शो

| | | |
|---|---|---|
| १. | ड्रेससर्कल | ३।६७ |
| २. | बल्कोनी | ३।६० |
| ३. | स्पेशल | २।५३ |
| ४. | प्रथम श्रेणी | १।६६ |
| ५. | द्वितीय " | १।८४ |
| ६. | तृतीय " | –।६३ |

## उपत्यका "ग" स्तर साधारण शो

| | | |
|---|---|---|
| १. | ड्रेससर्कल | ६।– |
| २. | बल्कोनी | ४।७५ |
| ३. | स्पेशल | ४।५० |
| ४. | प्रथम श्रेणी | ३।– |
| ५. | द्वितीय " | २।२५ |
| ६. | तृतीय " | १।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### उपत्यका "ग" स्तर विद्यार्थी सहुलियत शो

| | |
|---|---|
| १. ड्रेससर्कल | २।९७ |
| २. बल्कोनी | २।९० |
| ३. स्पेशल | २।०३ |
| ४. प्रथम श्रेणी | १।४९ |
| ५. द्वितीय " | –।८४ |
| तृतीय " | –।६३ |

### उपत्यका बाहिर "क" स्तर साधारण शो

| | |
|---|---|
| १. ड्रेससर्कल | ८।६० |
| २. बल्कोनी | ६।६० |
| ३. स्पेशल | ६।१० |
| ४. प्रथम श्रेणी | ४।६० |
| ५. द्वितीय " | ३।१० |
| ६. तृतीय " | १।१० |

### उपत्यका बाहिर "क" स्तर विद्यार्थी सहुलियत शो

| | |
|---|---|
| १. ड्रेससर्कल | ४।९७ |
| २. बल्कोनी | ४।५२ |
| ३. स्पेशल | ३।४२ |
| ४. प्रथम श्रेणी | २।७९ |
| ५. द्वितीय " | २।०७ |
| तृतीय " | –।७० |

### उपत्यका बाहिर "ख" स्तर साधारण शो

| | |
|---|---|
| १. ड्रेससर्कल | ७।१० |
| २. बल्कोनी | ६।१० |
| ३. स्पेशल | ५।१० |
| ४. प्रथम श्रेणी | ४।१० |
| ५. द्वितीय " | २।६० |
| ६. तृतीय " | १।१० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

### उपत्यका बाहिर "ख" स्तर विद्यार्थी सहुलियत शो

| | |
|---|---|
| १. ड्रेससर्कल | ३१६७ |
| २. बल्कोनी | ३१५२ |
| ३. स्पेशल | २१४२ |
| ४. प्रथम श्रेणी | ११७६ |
| ५. द्वितीय " | ११०७ |
| ६. तृतीय " | –१७० |

### उपत्यका बाहिर "ग" स्तर साधारण शो

| | |
|---|---|
| १. ड्रेससर्कल | ५१६० |
| २. बल्कोनी | ४१६० |
| ३. स्पेशल | ४११० |
| ४. प्रथम श्रेणी | ३११० |
| ५. द्वितीय " | २१६० |
| ६. तृतीय " | १११० |

### उपत्यका बाहिर "ग" स्तर विद्यार्थी सहुलियत शो

| | |
|---|---|
| १. ड्रेससर्कल | २१६७ |
| २. बल्कोनी | २१५२ |
| ३. स्पेशल | २१४२ |
| ४. प्रथम श्रेणी | ११७६ |
| ५. द्वितीय " | ११०७ |
| ६. तृतीय " | –१७० |

द्रष्टव्य – उपर्युक्त टिकट दर (प्रवेश शुल्क) मा प्रचलित नेपाल कानून बमोजि मनोरञ्जन कर छुट्टै लाग्नेछ। कुनै चलचित्र घरले उपरोक्त अनुसार बृद्धि गर्न नचाहेमा साबिककै दरमा वा हाल तोकिएको बृद्धि दरमा नबढ्ने गरी टिकट दर निर्धारण गरी सो को पूर्व जानकारी यस मन्त्रालय र अर्थ मन्त्रालयलाई दिनु पर्नेछ।

आज्ञाले,
जीतबहादुर मानन्धर
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# लोक सेवा आयोगको सूचना

निजामती सेवा नियमावली, २०२१ को परिच्छेद ३ को नियम ४ को उपनियम (१) बमोजिम राजपत्र अनङ्कित पदहरूमा बढुवा समितिको अध्यक्षता गर्ने र सोही नियमको परिच्छेद ३ को नियम ५ को उपनियम (६) बमोजिम बढुवा सिफारिश उपर उजुरी सुन्ने कार्यालय लोक सेवा आयोगले तोकिराखेकोमा न्याय सेवामा अञ्चल अदालत र क्षेत्रीय अदालतहरू खारेज भै पुनरावेदन अदालतहरूको स्थापना भै सकेकोले साबिक अञ्चल अदालत र क्षेत्रीय अदालतहरूलाई दिएको अधिकार पुनरावेदन अदालतहरूका मुख्य न्यायाधीश र मुख्य न्यायाधीशले तोकेको न्यायाधीशले गर्ने गरी निम्न बमोजिम तोकिएको छ ।

| सि.नं. | नि.से.नि.३.४को उपनियम (१) को | कार्यालय | बढुवा समितिको अध्यक्ष | उजुरी सुन्ने कार्यालय |
|---|---|---|---|---|
| १. | खण्ड (ग) | (२) जिल्ला अदालतको रा.प.अनं. प्रथम र द्वितीय श्रेणीको पदको लागि । | पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको न्यायाधीश । | पुनरावेदन अदालतको मुख्य न्यायाधीश । |
| २. | खण्ड (घ) | जिल्ला अदालतका रा.प. अनं. तृतीय श्रेणीको पदको लागि । | सम्बन्धित जिल्ला न्यायाधीश । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश । |
| ३. | खण्ड (ङ) | सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता कार्यालयको लागि । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको न्यायाधीश । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश । |
| ४. | खण्ड (च) | सहायक सरकारी अभिवक्ता तथा सरकारी अभिवक्ता कार्यालयको लागि । | | |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | (२) रा.प. अनं. प्रथम र द्वितीय श्रेणीको पदको लागि । | सम्बन्धित सरकारी अभिवक्ता तथा सरकारी अभियोक्ता । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश । |
| ५. खण्ड (छ) | बागमती अञ्चल भित्रका खण्ड (ग), (घ), (ङ) र (च) मा परेको अदालत र कार्यालयहरू बाहेक अन्य अञ्चलस्तरीय कार्यालयको लागि । | | |
| | (१) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा. प. अनं प्रथम श्रेणीको पदको लागि । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको न्यायाधीश । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले । |
| | (२) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प.अनं. द्वितीय र तृतीय श्रेणीको पदको लागि । | सम्बन्धित प्रमुख जिल्ला अधिकारी । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको न्यायाधीश । |
| ६. खण्ड (ज) | बागमती अञ्चल बाहेक अन्य अञ्चल भित्रका खण्ड (ग), (घ), (ङ), (च) र (छ) मा परेका अदालत र कार्यालयहरू बाहेक अन्य अञ्चलस्तरीय र जिल्लास्तरीय कार्यालयको लागि । | | |
| | (१) अञ्चल र जिल्लास्तरीय कार्यालयको रा.प.अनं. प्रथम श्रेणीको पदको लागि । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको न्यायाधीश । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश । |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| (२) | अञ्चल र जिल्लास्तरीय कार्यालय-को रा.प.अनं. द्वितीय र तृतीय श्रेणीको पदको लागि । | सम्बन्धित प्रमुख जिल्ला अधिकारी । | सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीशले तोकेको न्यायाधीश । |

द्रष्टव्यः- (१) बढुवाको लागि जिल्ला तथा अञ्चलहरू भौगोलिक विभाजन अनुसार नै कायम छ ।

(२) बढुवा सम्बन्धी कारवाही चलाउने कर्तव्य भएका अधिकारीको कार्यालय जुन जिल्लाको हो सो जिल्ला कुन चाहिं पुनरावेदन अदालतको कार्य क्षेत्र तोकिएको छ सोही सम्बन्धित पुनरावेदन अदालतको मुख्य न्यायाधीश वा मुख्य न्यायाधीशले तोकेको न्यायाधीश तोकिएको छ ।

आज्ञाले,
विष्णुगोपाल रिसाल
सचिव
लोक सेवा आयोग

मुद्रण विभाग, सिंहदरबार

९३६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी शिक्षण अस्पताल महाराजगञ्जले सिङ्गापुरबाट पैठारी गरेको अमेरिकी डलर ३७१५।– मूल्य बराबरको एक्स-रे फिल्म धुने केमिकलमा लाग्ने अतिरिक्त भन्सार महसुल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी एशिया फाउण्डेशन-द्वारा नेपाल प्रेस इन्स्टिच्यूटलाई उपहार स्वरूप प्रदान गरेको अमेरिकी डलर २१०२१ (अक्षरेपी एकाइस हजार एकाइस) मूल्य बराबरको स्याकिन्टोस क्लासिक कम्प्यूटर २ (दुई) थान र तत्सम्बन्धी सामानहरूको पैठारीमा लाग्ने भन्सार महसुल तथा बिक्री-कर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ३

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी गोरखा जिल्ला धेरूङ गा.वि.स. वडा नं. ८ स्थित सनातन धर्म सेवा मन्दिरमा स्थापना गर्न भारतबाट खरीद गरी ल्याएको निम्नानुसारको मार्बलको मूर्तिमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

मूर्तिको विवरणः–

१. शिवजीको मूर्ति (२ फुट ३ इन्च) – – – – – – – – – – – – – – १ थान
२. दुर्गा देवीको मूर्ति (२ फुट ६ इन्च) – – – – – – – – – – – – – १ थान

## सूचना ४

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी वीर अस्पतालका लागि जर्मन निवासी डा० माइकल फ्रान्कले उपहारस्वरूप प्रदान गर्ने डि.एस.१४६०



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मूल्य बराबरको पेजिङ सिष्टमको निमित्त चाहिने ४०० वटा व्याट्रीहरूको पैठारीमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

## सूचना ५

श्री ५ को सरकारले मनोरञ्जनकर ऐन, २०१७ को दफा ६ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शंकरदेव क्याम्पसको सहायतार्थ भृकुटी मण्डपस्थित टेलिहलमा २०४९ साल जेष्ठ २३ गते शुक्रबार एक शो प्रदर्शन गरिने नेपाली कथानक भिडियो चलचित्र "आँशु" को प्रदर्शनमा लाग्ने मनोरञ्जनकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना ६

श्री ५ को सरकारले बिक्रीकर ऐन, २०२३ को दफा २१ क. ले दिएको अधिकार प्रयोग गरी २०४८ साल आश्विन मसान्तसम्ममा सम्पूर्ण बिक्रीकर रकम चुक्ता गरी सकेका बिक्रेताहरूले सोही ऐनको दफा ६ को उपदफा (२) बमोजिम लागेको जरिवाना तथा थप जरिवानामध्ये बुझाउन बाँकी रहेको जरिवाना तथा थप जरिवाना पूरै मिन्हा गरी दिने निर्णय गरेकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उपसचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा २१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी प्रहरी प्रधान कार्यालयका वरिष्ठ प्रहरी उपरीक्षक श्री रामकाजी वान्तवालाई औषध नियन्त्रण अधिकारी तोकेको छ।

आज्ञाले,
महेश्वर शर्मा
सह-सचिव

१६९



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

आवास तथा भौतिक योजना मन्त्रालयका सचिव श्री तेजप्रसाद उपाध्याय मिति २०४९।२।३० देखि २०४९।३।१२ सम्म घर बिदामा बस्नु भएकोले उहाँ घर बिदाबाट फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्रीमती सरस्वती श्रेष्ठलाई मिति २०४९।२।३० देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

जलस्रोत मन्त्रालयका सचिव श्री गौरीनाथ रिमाल नर्वेको लिल्हेमारमा हुने जल विद्युत सम्मेलनमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री ईश्वरीप्रसाद राजभण्डारीलाई मिति २०४९।२।३२ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

वाणिज्य मन्त्रालयका सचिव श्री दुर्गाप्रकाश पाण्डे कोलोम्बोमा हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को आर्थिक सहयोग समितिको बैठकमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विदुर के. सी. लाई मिति २०४९।३।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
रजनीनाथ प्याकुर्याल
श्री ५ को सरकारको अतिरिक्त सचिव



960

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।